ॐ नमो वागीश्वराय

nepalnews.com/opinion/16263-2020-01-30-00-28-17

अक्षराम्भ गर्दा पहिले लेख्न सिकाइन्छ, ॐ नमो वागीश्वराय।

सरल रूपमा हेर्दा ‘वाक्’ र ‘ईश्वर’ शब्दबीच सन्धि भएर ‘वागीश्वर’ बनेको हो। ‘वाक्’को अर्थ हुन्छ– लवज, शब्द वा बोलीवचन। अनि, ‘ईश्वर’ शब्दको अर्थ हुन्छ, भगवान् र अन्य अर्थमा अधिपति वा स्वामी पनि हुन्छ। तसर्थ, ‘वागीश्वर’ शब्दले वाक् अर्थात् शब्द र बोलीवचनको ईश्वर भन्ने जनाउँछ।

वागीश्वरी (वाक्+ईश्वरी) देवी सरस्वतीको एउटा नाम हो। सरस्वतीका १२ नाम प्रसिद्ध छ–

प्रथमं भारती नाम द्वितीयं च सरस्वती।
तृतीयं शारदा देवी चतुर्थ हंसवाहिनी।।
पञ्चमन्तु जगन्माता षष्ठं वागीश्वरी तथा।
सप्तमं कौमुदी प्रोक्ता अष्टमं ब्रह्मचारिणी।।
नवमं बुद्धिदात्री च दशमं वरदायिनी।
एकादशं चन्द्रघण्टेती द्वादशं भुवनेश्वरी।।

यी श्लोकअनुसार देवी सरस्वतीका नामहरू हुन्– भारती, सरस्वती, शारदा देवी, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमुदी, ब्रह्मचारिणी, बुद्धिदात्री, वरदायिनी, चन्द्रघण्टेती र भुवनेश्वरी।

उपरोक्त श्लोकका अन्य पङ्क्तिले (माथि उल्लेख गरिएको छैन) वीणा र पुस्तक धारण गरेकी, हंस वाहनमा बसेकी देवी सरस्वतीसँग विद्याको वर माग्छ। त्यस्तै यी द्वादश अर्थात् १२ नाम दिनको तीनपटक पाठ गरे सधैँ सरस्वती जिह्वाग्रमा वास गर्छिन् भनिन्छ।

देवी सरस्वतीको नाम वागीश्वरीको उल्लेख सप्तशती चण्डीको देवी कवचमा (श्लोक ३३ मा) आउँछ। देवीकवच श्लोकमा वागीश्वरीले छालाको रक्षा गर्ने उल्लेख पाइन्छ।

ज्ञानको अधिष्ठाता मानिने ब्रह्मालाई वागीश पनि भनिन्छ, तसर्थ त्यसै नामसँगै जोडेर वाणीकी देवी सरस्वतीलाई वाग्देवी पनि भनिएको छ।

जे होस्, वागीश्वर र वागीश्वरीको परम्परा यहाँ देवी सरस्वतीसँग जोडिन आउने देखिन्छ। वाक् शब्दको अर्को अर्थ सरस्वती भनी नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोश (२०७५, पृ.११३७) मा उल्लेख छ। तसर्थ, वागीश्वरको अर्थ सरस्वतीको स्वामी पनि हुन आउँछ।

यहाँ उल्लेख गर्नुपर्ने कुरा 'ॐ नमो वागीश्वराय' मन्त्र वागीश्वरप्रति समर्पित हो, 'वागीश्वर्यै' भनिएको भए चाहिँ वागीश्वरीको मन्त्र हुन्थ्यो। तर पुराना थ्यासफूअनुसार र अद्यापि पनि 'वागीश्वराय' नै लेखिन्छ।

सरस्वतीकै मन्त्र भनेर लेखिए तापनि कसरी पुलिङ्गी शब्द प्रयोग भयो भन्ने ज्ञान मलाई छैन। 'वागीश्वर'को उल्लेख ब्रह्माण्डपुराणमा सङ्कलित नृसिंहाष्टोत्तरशतनाम स्तोत्र अर्थात् भगवान् नृसिंहको १०८ नाममा पाइन्छ। यसरी हेर्दा वागीश्वरी भनी देवी सरस्वतीलाई मानिएसँगै वागीश्वर भनी भगवान् नृसिंहलाई मानिएको देखिन्छ।

तर वागीश्वर नाम भगवान् शिवसँग जोडिएर पनि आएका उदाहरणहरू छन्। ती स्तोत्रहरूमा हुन त वागीश्वरलाई विशेषणका रूपमा मात्र लिन सकिएला, तर ६४ सिद्ध शिवलिङ्गमध्ये एउटा नाम आउँछ वीरतीर्थको वागीश्वर शिवलिङ्ग। श्रावण शुक्ल पूर्णिमाका दिन यस वीरतीर्थमा स्नानादि कर्म गरी वागीश्वर शिवलिङ्गलाई जल चढाई पूजा गर्नु उत्तम मानिन्छ।

यस्तै हयग्रीवको गायत्री मन्त्र र हंसा गायत्री मन्त्रमा पनि वागीश्वर शब्दको उल्लेख छ।

यति मात्र नभई महायानी बौद्ध मतावलम्बीले मान्ने मञ्जुश्रीलाई पनि वागीश्वर नामले सम्बोधन गरिन्छ। काठमाडौँ उपत्यकामा मञ्जुश्रीका कथा र परम्परा प्रशस्त पाइन्छन्। काठमाडौँ उपत्यका ठूलो दह (नागवासदह) भएको बेला चोभारको डाँडा आफ्नो दिव्य खड्गले काटी यस उपत्यकालाई मञ्जुश्रीले बस्नयोग्य बनाएको मानिन्छ। मञ्जुश्रीलाई बोधिसत्वका रूपमा काठमाडौँ उपत्यकामा पुजिन्छ पनि।

भक्तपुरको ल्हासापाखा वा ल्हासपा सरस्वती भनिने स्थानबाट मञ्जुश्री काठमाडौँ आएको कथा पाइन्छ। त्यस्तै, स्वयम्भू महाचैत्यको पछाडि मञ्जुश्री विराजमान भएको मानिन्छ। यसलगायत काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा महामञ्जुश्रीका मन्दिर र मूर्तिहरू छन्।

उपत्यकामा देवी सरस्वती र मञ्जुश्री जोडिएका प्रशस्त उदाहरण छन्। देवी सरस्वती चीनदेखि काठमाडौँ उपत्यकासम्म हिँडेर आएको किंवदन्तीसँगै यस सरस्वती पञ्चमीको एक रातअघि देवीलाई खुट्टामा तेल घस्ने परम्परा अद्यापि कायम छ।

मञ्जुश्री नामको अर्थ हुन्छ, सौम्य वा मधुर महिमा। मञ्जुश्रीलाई कसैकसैले मञ्जुघोष पनि भनी सम्बोधन गर्छन्। सोही नामलाई संस्कृतमा वागीश्वर, चीनमा वेन शु शिह ली, जापानमा मोन्जु र तिब्बतमा जामद्पाल भनिएको छ।

मञ्जुश्रीका मूर्तिको दायाँ हातमा खड्ग देखाइए तापनि बायाँ हातमा प्रज्ञापारमिता पुस्तक देखाइएको हुन्छ। उनको खड्ग पनि अज्ञानरूपी जाललाई नष्ट गर्ने ज्ञानखड्ग मानिन्छ।

वागीश्वरको अर्थ यही भनी एउटालाई किटान गर्न सकिनँ। तर यो शब्दसँग सम्बन्धित परम्पराले हजारौँ वर्षदेखिको अद्भूत सांस्कृतिक सम्मिश्रणलाई समेटेको प्रष्ट छ। यसलाई नमन गर्दै ॐ कारको मण्डलले सिकाएको सहअस्तित्व र सम्मिश्रित विविधतालाई सहर्ष स्वीकार्ने सुन्दर समाजलाई बुझ्ने यत्न सुरु गर्दै लेखेँ, ॐ नमो वागीश्वराय।